फोन: ०१०–५२०१३३
फ्याक्स नं.: ०१०–५२०२७७
ई-मेल:daodhading@moha.gov.np

नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय, धादिङ

(प्रशासन शाखा)

## सूचना

हिन्दु धर्मावलम्वीहरुको पवित्र पर्व होली (फागु पूर्णिमा), २०७९ को पावन अवसरमा धादिङ जिल्लावासी सम्पूर्ण आमा बुबा तथा दाजुभाई दिदि वहिनीहरुमा हार्दिक मंगलमय सुभकामना व्यक्त गर्दछौं । रंगको माध्यमबाट खुसी साटासाट गर्ने यस पर्वमा शान्तिपूर्णरुपमा भिडभाड नगरी मर्यादित, शिष्ट भई देहायका विषयहरुलाई मनन गरी होली (फागु पूर्णिमा) पर्व मनाउनु हुन सम्वन्धित सबैमा अनुरोध छ ।

देहायः-

१. सकभर परिवार र सानै समूहमा अनुशासित र मर्यादितरुपमा होलिपर्व मनाऔं ।
२. जवर्जस्ती अर्काको घरमा प्रवेश गरी होली नखेलौं ।
३. मादक पदार्थ तथा नशालु पदार्थ सेवन गरी सवारी साधन चलाउने, मोटर साइकलमा चलाउँदा हेलमेट नलगाउने, मोटरसाईकलमा २ जना भन्दा बढी व्यक्ति सवार हुने, समूहमा मोटरसाईकल चलाउने लगायतका ट्राफिक नियमहरुको उलंघन हुने कृयाकलाप नगरौं ।
४. घरको झ्याल, छत, वरण्डा आदिबाट रंग, पानी, पिचकारी तथा लोला प्रहार नगरौं ।
५. सडक/बाटोमा हिंडिरहेका व्यक्ति उपर इच्छा विपरित रंग दल्ने, स्वास्थ्यमा असर पार्ने खालका विशाक्त रासायनिक पदार्थ प्रयोग नगरौं ।
६. पर्वको नाममा समुदायमा नकारात्मक असर पर्ने, शान्ति भंग हुने खालका अभद्र तथा उच्छृंखल क्रियाकलापहरु नगरौं ।
७. महिलालाई लक्षित गरेर इच्छा विपरित रंग लगाउने, लोला, पिचकारी हान्ने र कुनै किसिमले सताउने तथा हैरानी दिने खालका क्रियाकलाप नगरौं ।

माथि उल्लेखित बुँदाहरु विपरितका कृयाकलापहरु भए गरेको पाइएमा कानून वमोजिम कारवाही गरिने व्यहोरा समेत जानकारी गराउँदै जिल्लाको शान्ति सुरक्षा, अमनचयन, सामाजिक मेलमिलाप स्थापनार्थ सम्पूर्ण जिल्लावासीहरुको साथ र सहयोगको अपेक्षा गर्दछौं ।

मितिः २०७९/११/२१

रमेश ढकाल
प्रमुख जिल्ला अधिकारी